वर्ष ७, अंक ३
२०७२ चैत्र, 2016 March

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## अध्यक्षको मन्तव्य,



खबर पत्रको माध्ययमबाट यहाँहरू समक्ष २०१६ जनवरी देखि २०१६ मार्च सम्ममा संस्थाले गरेको केही क्रियाकलापहरू प्रस्तुत गर्न पाउँदा मलाई निकै खुसी लागेको छ । संस्थाले यस अवधिमा शिक्षा, सदस्यको अनवरत विकास र अन्तर्राष्ट्रिय सम्बन्धका बारेमा विभिन्न कार्यहरू सम्पन्न गरेको छ ।

### विद्यार्थी, शिक्षा र शैक्षिक क्रियाकलाप

सिए शिक्षा र लेखाप्राविधिक शिक्षाको कोर्षअन्तर्गत अनिवार्य गरिएको १५ दिनको सामान्य व्यवस्थापन र संचार सीप (GMCS) तालिम नवौं व्याचको लागि २०१६ मार्च १२ देखि २०१६ अप्रिल ३ सम्म संस्थाको भवनमा संचालन गरिएको थियो । सो तालिममा ३८ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

२०१५ डिसेम्बरमा संचालित चार्टर्ड एकाउन्टेन्सी तथा सदस्यता परीक्षाको नतीजा फेब्रुअरी १४ मा प्रकाशित गरियो । परीक्षामा उत्तीर्ण विद्यार्थीहरूले संस्थाको नियमावलीले तोकेको आवश्यक अन्य प्रक्रिया पूरा गरी संस्थाको सदस्यता लिन सक्नेछन् ।

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्व तथा यस बारेमा विद्यार्थी, अभिभावक तथा सरोकारवालाहरूवीच जनचेतना जगाउने उद्देश्यले संस्थाले देशका विभिन्न स्थानहरूमा करीयर काउन्सलिङ्ग कार्यक्रमको आयोजना गर्‍यो । उक्त कार्यक्रमले चार्टर्ड एकाउन्टेन्सी शिक्षामा रूची राख्ने विद्यार्थीहरूलाई आकर्षित गर्न तथा यो शिक्षा प्राप्त गर्न आवश्यक प्रक्रियाका सम्बन्धमा जानकारी प्रदान गर्न प्रभावकारी माध्यम रहेको छ ।

संस्था तथा संस्थामा अध्ययनरत विद्यार्थीहरूको संगठन (एनकासा)को संयुक्त आयोजनामा २०१६ मार्च १८ देखि १९ मा बिराटनगरमा National Convention on “Spectrum of Opportunities” विषयमा सम्मेलन आयोजना गरिएको थियो । उक्त सम्मेलनमा नेपाल र भारतका २९७ जनाको सहभागिता रहेको थियो ।

### सदस्य तथा व्यावसायिक क्रियाकलाप

संस्थाले मिति २०७२/१०/१७ मा आफ्नो १९ औं वार्षिक उत्सव माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलको प्रमुख आतिथ्यमा विशेष कार्यक्रमका साथ काठमाडौंमा भव्य रूपले मनायो । उक्त कार्यक्रममा संस्थाले हासिल गरेको उपलब्धिका सम्बन्धमा प्रमुख अतिथि तथा विशेष अतिथिहरूले प्रशंसा गर्नु भयो । साथै उहाँहरूले संस्थाले लेखाव्यवसायसँग सम्बन्धित अन्य कार्यहरूलाई अझ तदारूपताका साथ गर्नको निम्ति समेत सुझाव दिनुभएको थियो । प्रमुख अतिथि माननीय अर्थमन्त्रीले संस्थाका सदस्यहरूलाई सेवा प्रदान गर्दा नैतिक मूल्य तथा मान्यतालाई समेत ख्याल गर्न सुझाव दिनु भयो । उक्त कार्यक्रममा संस्थाको प्रथम तथा द्वितीय परिषद्का अध्यक्षहरूलाई दोसल्ला ओढाई सम्मान, संस्थाका उत्कृष्ट कर्मचारीहरूलाई नगद तथा प्रमाणपत्र सहित सम्मान र चार्टर्ड एकाउन्टेन्सी कोर्ष उत्तीर्ण गरेका बिभिन्न तहका उत्कृष्ट विद्यार्थीहरूलाई स्वर्ण तथा रजत पदक प्रदान गरिएको थियो ।

यस बर्षदेखि संस्थाको त्रैमासिक जर्नलमा प्रकाशित लेखहरूमध्ये उत्कृष्ट लेख छनौट गरिने व्यवस्था गरिएको छ । यस पटक Vol. 17 No.3, 2015 मार्चमा प्रकाशित सिए. प्रदीपकुमार श्रेष्ठको लेख “Accounting Professionals to Improve Governance and Financial Management System in Corporate and Public Financial Management (PFM) Sector” लाई वर्षको उत्कृष्ट लेखको रूपमा घोषणा गरिएको थियो ।

### एन.एफ.आर.एस तालिम संचालन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको आरए. सदस्य क्षमता विकास समितिले आरए सदस्यहरूको क्षमता अभिबृद्धि कार्यक्रम अन्तर्गत एन.एफ.आर.एस सम्बन्धी ६० घण्टाको कार्यक्रम सम्पन्न गरेको छ । २०७२ माघ ८ देखि चैत्र १३ सम्म संचालित उक्त तालिम कार्यक्रममा जम्मा ४५ जना दर्तावाल लेखापरीक्षक सदस्यहरूको सहभागिता रहेको थियो ।




संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल एन.ए.एस / एन.एफ.आर.एस तालिममको अवसरमा सम्बोधन गर्नु हुंदै ।

निम्न २० वटा एन.ए.एस / एन.एफ.आर.एसहरू तालिममा समावेश गरिएको थियो ।

| S. No | NAS / NFRS | Name of the Standard |
|---|---|---|
| 1 | | Conceptual Framework |
| 2 | NAS 1 | Presentation of Financial Statements |
| 3 | NAS 2 | Inventories |
| 4 | NAS 16 | Property, Plant and Equipment |
| 5 | NAS 38 | Intangible Assets |
| 6 | NAS 40 | Investment Property |
| 7 | NAS 37 | Provisions, Contingent Liabilities and Contingent Assets |
| 8 | NFRS 5 | Non-Current Assets Held for Sale and Discontinued |
| 9 | NAS 36 | Impairment of Assets |
| 10 | NAS 18 | Revenue |
| 11 | NAS 23 | Borrowing Cost |
| 12 | NAS 8 | Accounting Policies, Changes in Accounting Estimates & Error |
| 13 | NAS 10 | Events after the Reporting Period |
| 14 | NAS 24 | Related Party Disclosure |
| 15 | NAS 41 | Agriculture |
| 16 | NAS 12 | Income Taxes |
| 17 | NAS 11 | Construction Contracts |
| 18 | NAS 7 | Statement of Cash Flow |
| 19 | NFRS 13 | Fair Value Measurement |
| 20 | NFRS 1 | First time Adoption |

यस तालिमबाट सदस्यहरूले एन.ए.एस / एन.एफ.आर.एस सम्बन्धमा समुचित मात्रामा ज्ञान प्राप्त गर्नुका साथै संस्थाको एन.एफ.आर.एस पूर्णरूपमा लागु गर्ने नीति अनुरूप यो तालिम निकै प्रभावकारी भएको महशुस गरिएको छ ।

दर्तावाला लेखापरीक्षक सदस्यहरूको एन.ए.एस/एन.एफ.आर.एस सम्बन्धी दक्षता विकास गर्ने उद्देश्यले २०१६ जनवरी २२ देखि मार्च २६ सम्म संस्थाले ६० घण्टाको एन.एफ.आर.एस/एन.ए.एस सम्बन्धी तालिमको आयोजना गरेको थियो ।

संस्थाले १९ औं वार्षिक उत्सवको अवसर पारेर Earthquake & Supply Constraints – Opportunities and Challenges सम्बन्धी आधा दिनको सम्मेलनको आयोजना गरेको थियो । उक्त सम्मेलनमा संस्थाका सदस्यका साथै गैर सदस्यहरु गरी करीव १०० जनाले सहभागिता जनाएका थिए ।

## संस्थागत विकास

लेखापरीक्षण फर्महरूको गुणस्तर मापन गर्ने कार्यको लागि संस्थाद्वारा गठित गुणस्तर आश्वस्तता बोर्डले आफ्नो कार्य शुरू गरिसकेको छ । संस्थाले निकट भविष्यमा संस्थाका सदस्यहरु तथा प्रमुख नियमक निकायहरूसँग अन्तरक्रिया गर्ने कार्यक्रम बनाएको छ ।

संस्थाले सदस्य, विद्यार्थी र अन्य सरोकारवालाहरूले संस्थाबाट प्राप्त गर्ने सेवा प्रवाहमा सहजताको लागि नागरिक बडापत्र प्रकाशित गरेको छ । यस बडापत्रको माध्ययमबाट आवश्यक जानकारी लिन सकिनेछ । बडापत्रको प्रकाशनले सबै सरोकारवालाहरूलाई समयमा नै सेवा प्राप्त गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

संस्था सदैव सदस्यहरूको क्षमता अभिवृद्धि गर्न प्रतिवद्ध रहेको कुरा जानकारी गराउन चाहन्छु । यसै सन्दर्भमा संस्थाका सदस्यहरूको निजी खर्चमानै अवलोकन भ्रमणको रूपमा सिंगापुर र मलेशियाको भ्रमणको व्यवस्था मिलाईएको थियो । २०१६ फेब्रुअरी २७ देखि मार्च ३ सम्म भएको अवलोकन भ्रमण कार्यक्रममा Malaysian Institute of Accountants(MIA), National Audit Department of Malaysia(NADM) र केही मलेशियन अडिट फर्महरूको अवलोकन गरिएको थियो । संस्थाले आयोजना गरेको भ्रमण कार्यक्रममा संस्थाका सिए तथा आरए गरी १४ जनाको सहभागिता थियो । भ्रमणको अवधिमा सहभागीहरूले MIA र महालेखापरीक्षकको विभागले आयोजना गरेको बैठकमा भाग लिएका थिए । उक्त बैठकमा सम्बन्धित संस्थाको संगठनात्मक स्वरूप, कार्यपद्दति र व्यावसायिक प्रक्रियाका सम्बन्धमा जानकारी आदान प्रदान गरिएको थियो ।

लामो समयको प्रयत्न पश्चात संस्थाले २०१६ मार्च १० मा CPA Australia सँग Membership Partnership Agreement(MPA) गर्न सफल भएको जानकारी गराउन पाउँदा मलाई निकै खुसी लागेको छ । सदस्यताको लागि विदेशी संस्थासंग गरेको यो पहिलो संझौता हो । यस संझौताले संस्थाका सदस्यहरूलाई लेखा क्षेत्रको पहिचान सहित अन्तर्राष्ट्रिय जगतमा प्रवेश गर्न मार्ग प्रशस्त पार्ने अपेक्षा गरिएको छ ।

२०१६ जनवरी २६ मा ICASL, IFAC र SAFA ले संयुक्त रूपमा श्रीलंकाको कोलम्बोमा आयोजना गरेको सम्मेलनमा संस्थाका पार्षद् सिए. प्रकाश जंग थापाले प्रतिनिधित्व गर्नुहुंदै श्रोत व्यक्तिको रूपमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

साफाको बोर्ड सदस्यको हैसियतमा मैले संस्थाको प्रतिनिधित्व गर्दै २०१६ जनवरी २८ र २९ मा पाकिस्तानको लाहोरमा संचालन भएको कमिटि बैठकमा भाग लिएको जानकारी गराउन चाहन्छु ।

संस्थाका विविध क्रियाकलापका सम्बन्धमा त्रैमासिक रूपमा प्रकाशित हुने जर्नल र खबरपत्र मार्फत साथै अन्य माध्ययमबाट यहाँहरु माँझ जानकारी गराउनेनैछु ।

अन्तमा, संस्थाका सम्पूर्ण सदस्यहरूलाई नयां वर्ष २०७३ को शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रकाश लम्साल
अध्यक्ष

## "Earthquake & Supply Constraints- Opportunities & Challenges" सम्मेलन

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०७२ माघ १७ गतेका दिन संस्थाको १९ औं वार्षिकोत्सवको अवसर पारेर आधा दिनको "Earthquake & Supply Constraints- Opportunities & Challenges" सम्मेलनको आयोजना गऱ्यो । उक्त सम्मेलन दुई सत्रमा संचालन गरिएको थियो । संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालको स्वागत मन्तव्यसँगै कार्यक्रमको शुरूआत भएको थियो । सम्मेलनमा प्रस्तुत गरिएका विषय, अध्यक्षता, कार्यपत्र प्रस्तुतकर्ता र टिप्पणीकार निम्न अनुसार रहेको थियो ।

| S. No. | Session Heading | Chairperson | Paper Presenter | Commentator |
|---|---|---|---|---|
| 1 | Earthquake & Supply Constraints- Opportunities & Challenges | Hon'ble Dr. Yuba Raj Khatiwada, Vice-Cahairman, National Planning Commission | Mr. Baikuntha Aryal, Joint Secretary, Ministry of Finance | Mr. Babu Ram Gautam, Council Member and Assistant Auditor General |
| 2 | Role of Professional Accountants on the Road to Economic Recovery and Resilience | Hon'ble Bhanu Prasad Acharya, Auditor General | CA. Narendra Bhattarai, IPP and Chairman Accounting Standards Board. | CA. Madan Krishna Sharma, Past Chairman, Accounting Standards Board. |

वर्तमानमा राष्ट्रले भोगिरहेको समसामयिक विषय समावेश गरी कार्यक्रम सफलताका साथ सम्पन्न गरिएको थियो । कार्यक्रममा संस्थाका सदस्य तथा गैर सदस्यहरु गरी करिव १०० जनाको सहभागिता रहेको थियो ।




"Earthquake & Supply Constraints-Opportunities and Challenges" सम्बन्धी सम्मेलनको एक झलक ।

कार्यक्रमको पहिलो सत्रमा नेपाल सरकार अर्थ मन्त्रालयका सहसचिव बैकुण्ठ अर्यालले "Earthquake & Supply Constraints-Opportunities and Challenges" सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उक्त सत्रको अध्यक्षता राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय युवराज खतिवडाले गर्नुभएको र नायव महालेखापरीक्षक एवं पार्षद् श्री बावुराम गौतमले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो । त्यसै गरी, कार्यक्रमको दोस्रो सत्रमा संस्थाका निवर्तमान अध्यक्ष सिए. नरेन्द्र भट्टराईले "Role of Professional Accountants on the Road to Economic Recovery and Resilience" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । माननीय महालेखापरीक्षक भानुप्रसाद आचार्यले अध्यक्षता गर्नुभएको उक्त सत्रमा लेखामान बोर्डका पूर्व सभापति सिए. मदन कृष्ण शर्माले कार्यपत्रमाथि टिप्पणी गर्नुभएको थियो ।

## संस्थाको १९ औं वार्षिकोत्सव आयोजना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०७२ माघ १७ गते संस्थाको १९ औं वार्षिक उत्सव भव्यताकासाथ मनायो । कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल, विशिष्ट अतिथिको रूपमा माननीय महालेखापरीक्षक भानुप्रसाद आचार्य, धितापत्र बोर्डका अध्यक्ष डा. रेवतबहादुर कार्की, र बीमा समितिका अध्यक्ष डा. फत्तबहादुर के.सी. रहनुभएको थियो । कार्यक्रममा संस्थाका पूर्व अध्यक्षहरू, विद्यमान काउन्सिलका अध्यक्ष, उपाध्यक्ष लगायत अन्य सदस्यहरू, कमिटि सदस्यहरूका साथै संस्थाका कर्मचारीहरूको उपस्थिति रहेको थियो ।




संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल प्रमुख अतिथि माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेललाई फूल गुच्छा सहित स्वागत गर्नुहुँदै ।

संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालले प्रमुख अतिथि तथा विशेष अतिथिहरूलाई फूलको गुच्छा सहित स्वागत गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले द्वीप प्रज्वलन गरी कार्यक्रमको विधिवत शुभारम्भ गर्नुभएको थियो ।




प्रमुख अतिथि माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल कार्यक्रममा द्वीप प्रज्वलन गरी औपचारिक उद्घाटन गर्नुहुँदै ।

संस्थाका अध्यक्ष सिए. प्रकाश लम्सालले कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण उपस्थित महानुभावहरूसमक्ष संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उहाँले कार्यक्रममा आफ्नो कार्यकालमा गरेका र गर्ने कार्यहरूको विवरण समेत प्रस्तुत गर्नुभएको थियो । अध्यक्षले संस्थाको कार्यलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने सबै सरोकारवालाहरूलाई उहाँहरूले पुऱ्याउनु भएको योगदानको निमित्त धन्यवाद ज्ञापन गर्नुभएको थियो ।




प्रमुख अतिथि माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेल कार्यक्रममा सम्बोधन गर्नुहुँदै ।

त्यसैगरी प्रमुख अतिथि माननीय अर्थमन्त्री विष्णुप्रसाद पौडेलले छोटो समयमै संस्थाले गरेको प्रगतिको प्रशंसा गर्दै र संस्थाले गर्न बाँकी कामका साथै नियमनकारी निकायको हैसियतमा गर्नुपर्ने कामलाई अझ सशक्त रूपमा अगाडि बढाउन सुझाव दिनु भयो । त्यस्तै जनचाहना र ऐनले निर्दिष्ट गरेका कामलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न र लेखा तथा लेखाव्यवसायको क्षेत्रमा अझ विकास गर्न बाँकी रहेको तर्फ ध्यानाकर्षण गराउनु भएको थियो । उहाँले संस्थाका कमी कमजोरीहरूलाई सुधार गर्दै लानुपर्ने धारणा राख्दै संस्थाका सदस्यहरूलाई आफ्नो पेशागत मूल्य तथा मर्यादा बमोजिम काम गर्न सुझाव दिनुभएको थियो । अर्थमन्त्रालय सदैव संस्थाको विकासको निमित्त सहयोग गर्न तत्पर रहेको आश्वासन समेत दिनुभएको थियो ।

कार्यक्रममा संस्थाका पहिलो तथा दोस्रो परिषद्का अध्यक्षहरूलाई उहाँहरूले संस्था तथा लेखा क्षेत्रमा पुऱ्याउनु भएको योगदानको लागि कदर पत्र सहित दोसल्ला ओढाई सम्मान गरिएको थियो ।




कार्यक्रमका विषेश अतिथि माननीय भानुप्रसाद आचार्य संस्थाका द्वितीय अध्यक्ष सिए तीर्थराज उपाध्यायलाई सम्मान स्वरूप कदरपत्र प्रदान गर्नु हुँदै ।

कार्यक्रमका विशेष अतिथिले पदककोष संस्थापकहरूको उपस्थितिमा २०१४ डिसेम्वर र २०१५ जूनमा संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाको विभिन्न तहका उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई सम्मान स्वरूप पदक तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । सम्मान स्वरूप KB Chitracar Gold Medal, BK Agrawal Gold Medal, Prakash Jung Thapa Gold Medal, Dr. Govind Ram Agrawal Gold Medal, Narayan Bajaj Silver Medal, Shivaman Singh and Chandra Bhandary Silver Medal and Narendra Vashishtha Gold Medal प्रदान गरिएको थियो ।




कार्यक्रममा सम्मानित संस्थाका कर्मचारीहरू तथा विद्यार्थीहरू विशेष अतिथि, अतिथि र संस्थाका अधिकारीका साथ ।

सोही कार्यक्रममा विशेष अतिथिले संस्थामा उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई नगद तथा प्रमाणपत्र सहित सम्मान गर्नुभएको थियो । सम्मानित हुने कर्मचारीहरूमा सदस्य सेवा तथा व्यावसायिक विकास विभागमा कार्यरत श्रीमती प्रज्ञा अर्याल, शिक्षा विभागमा कार्यरत सुश्री कृष्णा कुमारी वि.सी र परीक्षा विभागमा कार्यरत श्री हर्दुलाल चौधरी रहनुभएको थियो ।




संस्थाका सम्मानित कर्मचारीहरू संस्थाका अध्यक्ष तथा कार्यकारी निर्देशकका साथ ।

त्यसैगरी यस वर्षदेखि नेपाल चार्टर्ड एकाउन्टेन्ट जर्नलमा प्रकाशित उत्कृष्ट लेखलाई समेत सम्मान स्वरूप प्रमाणपत्र प्रदान गरिएको थियो । २०१५ मार्चको भोलुम १७ अंक ३ मा प्रकाशित पूर्व अध्यक्ष सिए. प्रदीपकुमार श्रेष्ठको लेख "Accounting Professionals to Improve Governance and Financial Management System in Corporate and Public Financial Management (PFM Sector" लाई उत्कृष्ट लेखको रूपमा सम्मानित गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा संस्थाका प्रथम अध्यक्ष एवं साफाका पूर्व अध्यक्ष सिए. कोमल बहादुर चित्रकारले संस्थाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्राप्त गरेको उपलब्धिको निमित्त संस्थालाई बधाई दिनुभएको थियो । उहाँले उत्कृष्ट अंक ल्याई सिए परीक्षाको विभिन्न तहमा उत्तीर्ण भएका विद्यार्थीहरूलाई निजहरूको कडा मिहेनत र प्रयासको लागि बधाई दिनुभएको थियो ।

कार्यक्रममा विशेष अतिथिको रूपमा बोल्दै बीमा समितिका अध्यक्ष डा. फत्तबहादुर के.सी.ले संस्थाले प्राप्त गरेको उपलब्धि तथा संस्थाको विकासको निमित्त गरेको प्रयासको सह्राना गर्नुभएको थियो । उहाँले संस्थाको विकासमा योगदान गर्ने कर्मचारी तथा संस्थामा अध्ययन गरी सफलता प्राप्त गरेका विद्यार्थीहरूलाई बधाई दिनुभएको थियो ।

कार्यक्रमका अर्को विशेष अतिथि धितोपत्र बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीले संस्थालाई शुभकामना दिँदै बोर्डमा दर्ता कम्पनीहरूको लेखापरीक्षण गर्ने लेखापरीक्षकहरूको सम्बन्धमा आफ्नो धारणा राख्नु भएको थियो । साथै उहाँले संस्था, संस्थाका कर्मचारी लगायत परीक्षामा सफल भएका विद्यार्थीहरूलाई बधाई दिनुभएको थियो ।

कार्यक्रमलाई समापन गर्नु अघि संस्थाका अध्यक्षले विशेष अतिथिहरूलाई मायाको चिनो प्रदान गर्नुभएको थियो ।




कार्यक्रमा संस्थाका उपाध्यक्ष सिए. महेश खनाल धन्यबाद ज्ञापन गर्नुहुंदै ।

कार्यक्रमको अन्तमा संस्थाका उपाध्यक्ष सिए. महेश खनालले कार्यक्रमका प्रमुख अतिथि तथा विशेष अतिथि लगायत सबै सहभागीहरूलाई धन्यबाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभएको थियो ।

## विद्यार्थी सम्बन्धी क्रियाकलाप

### व्यवस्थापन तथा सञ्चार सीप तालिम

२०१५ डिसेम्बर महिनाको CAP III तहको परीक्षामा योग्य तथा उक्त तहको दुईटै समूहको परीक्षामा सामेल भएका तथा लेखाप्राविधिक परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि संस्थाले नवौं सामान्य व्यवस्थापन तथा संचार सीपसम्बन्धी १५ दिनको तालिम संस्थाको सातदोबाटो स्थित भवनमा सम्पन्न गरेको छ ।



संस्थाका पदाधिकारीका साथ नवौं व्याचका व्यवस्थापन तथा सञ्चार सीप तालिमका सहभागीहरू ।

२०१६ मार्च १२ देखि अप्रिल ३ सम्म संचालित उक्त तालिममा ३७ जना सिए र २ जना लेखाप्राविधिक विद्यार्थीहरूले सहभागिता जनाएका थिए । उक्त तालिमको माध्ययमबाट विद्यार्थीहरूले सामान्य व्यवस्थापन तथा संचार सीप हासिल गरी आफ्नो विकास गर्दै व्यावसायिक क्षमता अभिबृद्धि गर्न सक्षम भएका छन् ।

### विद्यार्थी सम्मेलन, बिराटनगर

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स विद्यार्थी संगठनको संयुक्त आयोजनामा बिराटनगरमा २०१६ मार्च १८ र १९ मा "Spectrum of Opportunities" विषयमा सम्मेलनको आयोजना गरियो । सम्मेलनको प्रमुख अतिथिको रूपमा माननीय महालेखापरीक्षक भानुप्रसाद आचार्य रहनुभएको थियो । दुई दिनसम्म संचालित उक्त सम्मेलनमा १२ वटा कार्यपत्रहरू प्रस्तुत गरिएका थिए । सम्मेलनमा प्रस्तुत भएका कार्यपत्रहरूमध्ये उत्कृष्ट चार कार्यपत्र छनौट गरी सम्मान गरिएको थियो । नेपाल र भारतबाट गरी २९७ विद्यार्थीहरूको सम्मेलनमा सहभागिता रहेको थियो ।

### करीयर काउन्सलिङ्ग

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले चार्टर्ड एकाउन्टेन्सी शिक्षासम्बन्धी जानकारी गराउने उद्देश्यले विभिन्न मितिमा काठमाडौं उपत्यका लगायत उपत्यका बाहिर करीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गऱ्यो । यस कार्यक्रममा संस्थाको उद्देश्य अनुरूप चार्टर्ड एकाउन्टेन्सी शिक्षा सम्बन्धी जानकारी प्रदान गर्नुका साथै चार्टर्ड एकाउन्टेन्सी अध्ययन गर्नको निमित्त आवश्यक शैक्षिक योग्यता एवं कोर्ष पूरा गर्न चाहिने आवश्यक प्रक्रिया र चार्टर्ड एकाउन्टेन्सी शिक्षामा सफलता प्राप्त गरेपछि भविष्यमा संभावित बृत्ति विकासका अवसरका बारेमा जानकारी गराईएको थियो । संस्थाका अधिकारीहरूद्वारा २०१६ जनवरी १ देखि मार्च को अन्तसम्म संचालन गरिएको कार्यक्रममा काठमाडौं उपत्यकामा करीव एक हजार र काठमाडौं उपत्यका बाहिर करीव पाँच हजार हाराहरीले चार्टर्ड एकाउन्टेन्सी शिक्षासम्बन्धी जानकारी लिएका थिए । उक्त कार्यक्रम विभिन्न स्थानका कलेजहरूमा संचालन गरिएको थियो ।

### २०१५ डिसेम्बरको चार्टर्ड एकाउन्टेन्सी तथा सदस्यता परीक्षाको नतीजा प्रकाशित

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली संस्थाले २०१५ डिसेम्बरको चार्टर्ड एकाउन्टेन्सी कोर्ष अन्तर्गतको CAP I, CAP II , CAP III तह र चार्टर्ड एकाउन्टेन्सी सदस्यताको अन्तिम परीक्षाको नतीजा प्रकाशित गरेको छ । परीक्षाको नतिजाअनुसार CAP I का ६७३ मध्ये ५३६, CAP II का १३२२ मध्ये ४६, CAP III का ४५९ मध्ये ३१ जना र सदस्यता परीक्षामा ११५ मध्ये १९

जना उत्तीर्ण भएका छन् । परीक्षामा उत्तीर्ण परीक्षार्थीले संस्थाले तोकेको अन्य आवश्यक प्रक्रिया पूरा गरी CAP I र CAP II का विद्यार्थीहरूले क्रमशः CAP II र CAP III मा भर्ना र CAP III तह र सदस्यता परीक्षामा उत्तीर्ण विद्यार्थीहरूले संस्थाको आवश्यक प्रक्रिया पूरा गरी संस्थाको सदस्यता लिन सक्ने छन् ।

## सदस्य सम्बन्धी समाचार

### अनवरत व्यावसायिक शिक्षा

संस्थाले यस आर्थिक बर्षको कार्यक्रमअनुसार संस्था आफै र इजाजत प्राप्त ३ वाह्य संस्थाहरूले अनवरत व्यावसायिक शिक्षासम्बन्धी तालिम शुरू गरेको छ । तीन दिनसम्म संचालन हुने कार्यक्रममा लेखा, लेखापरीक्षण, कर तथा अन्य लेखाव्यवसायसंग सम्बन्धित विविध विषयवस्तुहरू समाविष्ट गरी कार्यक्रम संचालन गरिँदै आएको छ । यस वर्ष तालिम संचालन गर्न बाह्य स्रोतको रूपमा नेपाल लेखापरीक्षक संघ (अडान), सि.ए.आई, प्रोफेशनल सोलुसन प्रा.लि. (पि.एस) ले स्वीकृति पाई तालिम संचालन गरेका छन् । तीन दिनको कार्यक्रमको लागि सहभागीहरूलाई २० सी.पी.ई. क्रेडिट आवर प्रदान गरिएको छ ।

### संस्थाको सदस्यता पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्था सम्बन्धमा

२०७२ श्रावण १ देखि चैत्र १८ सम्म सदस्यता, पेशागत प्रमाणपत्र तथा लेखाव्यवसायी संस्थाको स्थिति र नवीकरणको स्थिति निम्न अनुसार रहेको छ ।

| सदस्यको बर्ग | सदस्यता | | पेशागत प्रमाणपत्र | | लेखाव्यवसायी संस्था | |
|---|---|---|---|---|---|---|
| | कूल | नवीकरण | कूल | नवीकरण | कूल | नवीकरण |
| एफसिए/सिए | ९४७ | ६५१ | ७०३ | ३४७ | ६१७ | ३४९ |
| आरए. बी | ३३७७ | १९२५ | ३१४० | १३८२ | १६२४ | १३८५ |
| आरए. सी | १६०६ | ८४९ | १४७३ | ६८० | ८१६ | ६८० |
| आरए. डी | २२८४ | १२५६ | २०९२ | १०९३ | ११८१ | १०८९ |
| कूल सदस्य | ८२१४ | ४६८१ | ७४०८ | ३५०२ | ४२३८ | ३५०३ |

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ अनुसार हाल संस्थाले लेखाव्यवसायी संस्था दर्ता गराएरमात्र लेखापरीक्षण गर्न पाउने व्यवस्था कार्यान्वयनमा ल्याएको छ । यसबाट लेखाव्यवसायी संस्था (फर्म) दर्ता नगराउने सदस्यहरूले पेशागत प्रमाणपत्रको आधारमा मात्र लेखापरीक्षण गर्न पाउने छैनन् ।

### आर्थिक वर्ष २०७२/७३ को संस्थामा नयाँ दर्ता भएका सिए सदस्यको नामावली

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ४४ बमोजिम आर्थिक वर्ष २०७२/७३ मा संस्थाबाट ७० जनालाई चार्टर्ड एकाउन्टेन्टको सदस्यता प्रमाणपत्र प्रदान गरिएको छ ।

| S.No | Mem No | Name |
|---|---|---|
| 1 | 882 | BIBEK SHRESTHA |
| 2 | 883 | ANUJ ACHARYA |
| 3 | 884 | HARI PRASAD GYAWALI |
| 4 | 885 | PRAWIN KARKI |
| 5 | 886 | KALPANA GIRI |
| 6 | 887 | PRIME SHRESTHA |
| 7 | 888 | VIROCHAN KHANAL |
| 8 | 889 | PRIYATAM SHRESTHA |
| 9 | 890 | BIPIN RAJ AMATYA |
| 10 | 891 | VIKASH TODI |
| 11 | 892 | PRAVEEN KUMAR UPADHYAYA |
| 12 | 893 | RAJ KUMAR PHUYAL |
| 13 | 894 | SUNIL JOSHI |
| 14 | 895 | SUJEEP SHRESTHA |
| 15 | 896 | PRADEEP SIGDEL |
| 16 | 897 | HEMANTA RAJ RAMALI |
| 17 | 898 | MANISH KHAWAS |
| 18 | 899 | DINESH K.C. |
| 19 | 900 | SAGAR BHANDARI |
| 20 | 901 | PRAYAS SHRESTHA |
| 21 | 902 | SUMIT BAHADUR PRADHANANG |
| 22 | 903 | SUNIL KUMAR SHAH |
| 23 | 904 | ROSHANI KARKI |
| 24 | 905 | PUNYA PRASAD PRASAIN |
| 25 | 906 | MUKUL RAJ PANTHI |
| 26 | 907 | ANIL POKHREL |
| 27 | 908 | PRAJWAL POKHAREL |
| 28 | 909 | SURAJ NIROULA |
| 29 | 910 | BIKESH SHRESTHA |
| 30 | 911 | ARUN ARYAL |
| 31 | 912 | NAWA RAJ BASNET |
| 32 | 913 | NIRAJ KHADKA |
| 33 | 914 | SHANKAR THAPA |
| 34 | 915 | RAMESH ARYAL |
| 35 | 916 | GOPAL PANGENI |
| 36 | 917 | AVIN PRASAD RAJBHANDARI |
| 37 | 918 | DIAMOND SINGH YONJAN |
| 38 | 919 | SHESH MANI DAHAL |
| 39 | 920 | SITARAM THAPA |
| 40 | 921 | ZOYA KHAN |
| 41 | 922 | DEEPAK THAPA |
| 42 | 923 | ASHIS AGARWAL |
| 43 | 924 | SHREE KRISHNA THAPA MAGAR |
| 44 | 925 | MANJU KATWAL |
| 45 | 926 | SABITA GHIMIRE |
| 46 | 927 | KUNDAN SHARMA |
| 47 | 928 | AMRIT SHRESTHA |
| 48 | 929 | PRAMILA SHRESTHA |
| 49 | 930 | SUSHRUT DHAKAL |
| 50 | 931 | SUNITA K.C. |
| 51 | 932 | MUKTI NATH SUBEDI |
| 52 | 933 | SHOVA SHRESTHA |
| 53 | 934 | SABEETA DHAKAL |
| 54 | 935 | SURAJ TIMSINA |
| 55 | 936 | SHISHIR BHATTARAI |
| 56 | 937 | AMITA DANGOL |
| 57 | 938 | AMRIT GIRI |
| 58 | 939 | SAMRAT BISTA |
| 59 | 940 | JOGAMEHAR SHRESTHA |
| 60 | 941 | SUNIL CHAPAIN |
| 61 | 942 | PRAKASH ADHIKARI |
| 62 | 943 | SNEHA GOENKA |
| 63 | 944 | SUNITA THAPA |
| 64 | 945 | RABINA THAPA |
| 65 | 946 | SHREESHA SHRESTHA |
| 66 | 947 | MANISHA ADHIKARI |
| 67 | 948 | SUVAS RIJAL |
| 68 | 951 | KINJAL POKHREL |
| 69 | 955 | MANOJ ADHIKARI |
| 70 | 957 | RAMESH BARAL |

प्रमाण पत्र प्राप्त गर्ने ७० चार्टर्ड एकाउन्टेन्टहरू मध्ये १५ जना महिला तथा ५५ जना पुरूष रहेका छन् ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

### सी.पी.ए. अष्ट्रेलियासंगको संझौता

संस्थाले आफ्नो पहिचान मुलुक बाहिर पनि विस्तार गर्न प्रयासरत छ । यस क्रममा संस्थाले लामो प्रयासपछि सी.पी.ए. अष्ट्रेलियासँग संझौता गर्ने प्रयास २०१६ मार्च १० मा सफल भएको छ । संस्था र सी.पी.ए. अष्ट्रेलिया वीच भएको संझौताले दुई संस्था वीचको पारस्परिक सम्बन्ध कायम गर्न एक कोषे ढुङ्गाको रूपमा भूमिका खेल्नेछ ।




संस्था र CPA Australia वीच भएको संभौता पछिको दृष्य ।

यस संभौताले संस्थाले पनि विश्वमा लेखा क्षेत्रमा भएका प्रगतिअनुरूप आफूलाई परिस्कृत गर्न सक्षम हुने अपेक्षा गरिएको छ । संभौताअनुसार संस्थाका सिए. सदस्यहरूले केही विषयहरूको परीक्षा उत्तीर्ण गरी सी.पी.ए. अष्ट्रेलियाको सदस्यता प्राप्त गर्न सक्नेछन् । यो संभौता संस्थाको अन्य Professional Accounting Organization (PAO) संगको पहिलो संभौता हो ।

### मलेशिया / सिंगापुरको अध्ययन तथा अवलोकन भ्रमण

संस्थाले आफ्ना सदस्यहरूको क्षमता अभिबृद्धि स्वरूप २०१६ फेव्रुअरी २७ देखि ३ मार्चसम्म Malaysian Institute of Accountants (NMIA), National Audit Department of Malaysia / PWC Malaysia को अध्ययन तथा अवलोकन भ्रमणको आयोजना गऱ्यो ।




मलेशिया / सिंगापुर भ्रमणमा रहेका टोलीको सामूहिक तस्विर ।

मलेशिया / सिंगापुरमा गएका भ्रमण टोलीले MIA का प्रतिनिधि, महालेखापरीक्षक तथा PWC का प्रतिनिधिहरूसंग बैठक गरी ती संस्थाको संगठन प्रणाली, संगठन संचालन प्रक्रिया, व्यावसायिक आचरण लगायतको जानकारी लिनुका साथै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको संगठन संचालन प्रक्रिया आदि सम्बन्धमा जानकारीको आदानप्रदान गराएको थियो । निजी खर्चमा भ्रमणमा गएको १४ सदस्यीय भ्रमण टोलीको नेतृत्व संस्थाका सह-निर्देशक श्री विनोदप्रसाद न्योपानेले गर्नुभएको थियो । भ्रमणमा ४ सिए र ८ आरए सदस्यहरूको सहभागिता रहेको थियो ।

### Empowering Asia's Small and Medium Business Hub Conference, Sri Lanka

२०१६ जनवरी २६ मा ICASL, IFAC तथा SAFA को संयुक्त आयोजनामा श्रीलंकाको कोलम्बोमा आयोजित "Empowering Asia's Small and Medium Business Hub" विषयक सम्मेलनमा यस संस्थाबाट एक जना श्रोत व्यक्ति पठाईदिन अनुरोध भई आए अनुसार संस्थाबाट पार्षद सिए. प्रकाश जंग थापा श्रोत व्यक्तिको रूपमा सहभागी हुनुभएको थियो । उहांले "Growing Your Practice: Review, Compilation and Agreed-Upon Procedures Engagements" सम्बन्धी एक सेसनमा Panelist को रूपमा आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

### Committee Meetings & SAFA Board Meeting, Pakistan

पाकिस्तानको लाहोरमा २०१६ जनवरी २८ र २९ मा संचालन भएको SAFA Committee Meetings तथा SAFA Board Meeting मा संस्थाका अध्यक्ष सिए. प्रकाश लम्साल सहभागी हुनुभएको थियो ।

### एकल फर्म तथा साझेदारी फर्म खोल्ने व्यवस्थामा भएको संशोधन सम्बन्धी अत्यन्त जरूरी सूचना !

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ मा भएको पाँचौं संशोधन अनुसार यस संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त सदस्यहरुले एकै समयमा एक भन्दा बढी एकल फर्म खोल्न वा एक भन्दा बढी साझेदारी फर्मको साझेदार हुन नपाउने व्यवस्था गरेको छ । एकल फर्म भएका सदस्यहरुले साझेदारी लेखाव्यवसायी फर्ममा साझेदार हुन चाहेमा एकल फर्म निष्कृय गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी निस्कृय भएको एकल फर्म नवीकरण गर्न चाहेमा नवीकरण गर्न सकिनेछ तर सो एकल फर्मको नामबाट साझेदारी फर्मको साझेदार रहँदासम्म लेखाव्यवसाय गर्न भने पाईने छैन ।

तसर्थ कुनै सदस्य एक भन्दा बढी लेखाव्यवसायी फर्ममा संलग्न रहेको भए मिति २०७४ साल असार मसान्त भित्र एकल लेखाव्यवसायी फर्म वा एक मात्र साझेदारी लेखाव्यवसायी फर्ममा संलग्नता रहने गरी व्यवस्था मिलाइ सक्नुपर्नेछ अन्यथा त्यस्ता सदस्यहरुको लेखाव्यवसायी फर्म २०७४ श्रावण १ गतेबाट नवीकरण नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

### सदस्यहरूका लागि सी.पी.ई. क्रेडिट आवर सम्बन्धी सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५५ (१) मा भएको व्यवस्था अनुसार पेशागत प्रमाणपत्र नलिएका सदस्यहरूले पनि आ.व. २०७३/७४ बाट सदस्यता नवीकरण गर्दा कम्तीमा ८ सी.पी.ई. क्रेडिट आवर लिनुपर्ने परिषद्को निर्णय भएकोले सोही अनुसार सी.पी.ई. क्रेडिट आवर पूरा गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
सातदोबाटो, ललितपुर, पो.ब.नं. ५२८९ (काठमाडौं), फोन: ०१-५५३०८३२, ५५३०७३०
फ्याक्स: ००९७७-१-५५५०७७४, इमेल: ican@ntc.net.np, वेवसाइट: www.ican.org.np
शाखाहरू: विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज